# दस परिच्छेद

# सारांश तथा निष्कर्ष

## १०.१ विषय प्रवेश

असमेली नेपाली कवितामा प्रवृत्ति शीर्षकको शोध प्रबन्ध दस परिच्छेदमा विभाजित छ । पहिलो परिच्छेद शोध परिचयका रूपमा र दसौँ परिच्छद सारांश तथा निष्कर्षका रूपमा रहेका छन् । दोस्रो र तेस्रो परिच्छेदमा असम प्रदेशको परिचय, असममा नेपाली साहित्यको पूर्वाधार निर्माण र असममा नेपाली भाषा साहित्यको चर्चा गरिएको छ । चौथो र पाँचौं परिच्छेदमा कविताको सैद्धान्तिक स्वरूपको चर्चा र असमेली नेपाली कविताको विकासक्रमलाई देखाइएको छ । छैठौं, सातौं, आठौं, नवौं परिच्छेदमा असमेली नेपाली प्रतिनिधिमूलक कविताको विश्लेषणमा क्रमशः स्वाधीनतापूर्व निर्माण कालका प्रतिनिधि कविहरूका काव्यिक प्रवृत्ति तथा तिनका कविताको विश्लेषण, स्वाधीनता उत्तर जातीय जागरण कालका कवि र तिनका कविताको विश्लेषण, भाषा आन्दोलन र विदेशी वहिस्कार आन्दोलन कालका कवि र तिनका प्रतिनिधि कविताको विश्लेषण र जातीय जागरण कालका कवि र तिनका प्रतिनिधि कविताको विश्लेषण गरिएको छ । यहाँ प्रत्येक परिच्छेदको सारलाई अलग अलग शीर्षकमा प्रस्तुत गरेर अन्त्यमा समग्र परिच्छेदको समष्टि निष्कर्ष प्रस्तुत गरिएको छ ।

## १०.२ सारांश

यस शोध प्रबन्धका सात परिच्छेद मध्ये शोध परिचयका रूपमा रहेको पहिलो परिच्छेदमा असमेली नेपाली कविताको प्रवृत्ति, विकास, विश्लेषण र प्रवृत्ति निरूपण गर्नका निम्ति प्राज्ञिक जिज्ञासाका रूपमा चारवटा समस्या प्रस्तुत गरिएको छ । असमेली नेपाली कविताका प्रवृत्ति के कस्तो रहेको छ भन्ने मुख्य समस्या र यससँग सन्दर्भित अन्य समस्याहरूलाई प्रस्तुत गर्दै तिनको समाधान गर्ने उद्देश्य राखिएको छ । यस परिच्छेदमा शोध सम्बन्धी पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य, महत्त्व, शोधविधि जस्ता पक्ष समावेश गरिएका छन् ।

यस शोध प्रबन्धको दोस्रो परिच्छेदमा कविता सिद्धान्त प्रस्तुत गरी कविताको व्यूत्पत्तिगत अर्थ, परिभाषा, कविताको वर्गीकरण र वर्गीकरण अन्तर्गत कविताका लघुतम रूप, मुक्तक कविता, लघुरूप, फुटकर कविता, मध्यमरूप, खण्डकाव्य/लामो कविता र वृहत् रूप महाकाव्य गरी सिद्धान्त निरूपण गरिएको छ ।

असमेली नेपाली कवितासँग सम्बद्ध तेस्रो परिच्छेदमा असमको परिचय र नेपालीहरूको पृष्ठभूमि निर्माणको इतिहास निर्धारण गरिएको छ । यस क्रममा असमको

जातिगत इतिहास आहोमहरूको असममा छ सय वर्षको इतिहास छोटकरीमा प्रस्तुत गर्दै उनीहरूको हिन्दु धर्मप्रतिको रुझानलाई पनि प्रस्तुत गरिएको छ । यसका साथै असम नामको उत्पत्ति र असमको नामकरणको इतिहासका साथै असमको भौगोलिक परिचय पनि प्रस्तुत गरिएको छ । अघिको वृहत् असम वर्तमान सात प्रान्तमा विभाजित के कसरी भयो त्यसको छोटो वर्णन प्रस्तुत गर्दै वर्तमान असमको भौगोलिक सीमाको परिचय दिइएको छ । त्यसै गरी असम विभिन्न जातजातिगत राज्य भएकाले असममा आजसम्म बसोबास गर्दै आएका विभिन्न जनजातिको छोटो अवस्थितिलाई प्रस्तुत गर्दै असममा बस्ने नेपाली जनसमुदायको जनसङ्ख्या, भाषा, धर्म, बसोबास, क्षेत्र, पेसा, चाडपर्व, कला, संस्कृति, भेषभूषा तथा अन्य सामाजिक गतिविधिको निरूपण गरिएको छ । नेपाली जातजाति असममा त्यतिको सङ्ख्यामा कसरी पुगे भन्ने तथ्य देखाउन उत्तरपूर्वी भारतमा नेपाली जातिको प्रवेशलाई ऐतिहासिक, राजनैतिक, आर्थिक उक्त तिन वर्गमा विभाजित गरेर कारण देखाइएको छ । यसका साथै नेपाली फौजहरूको असम प्रवेशको स्थितिलाई वर्णन गरिएको छ ।

चौथो परिच्छेदमा असमेली नेपाली भाषा साहित्यको विकास र त्यहाँको इतिहास प्रस्तुत गरिएको छ । यस क्रममा असममा नेपाली भाषाको पृष्ठभूमि, नेपाली भाषाको प्रारम्भ र विकास, नेपालीहरूको जनसङ्ख्या, नेपाली विषयको पठनपाठन, स्वाधीनतापूर्व असममा नेपाली पाठशाला तथा प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म नेपाली पाठ्यक्रम व्यवस्था आदि निरूपण गरिएको छ । यसै क्रममा नेपाली भाषा मान्यता सम्बन्धी आन्दोलन संविधानमा नेपाली भाषा मान्यता तथा असममा विदेशी वहिस्कार आन्दोलन र असमेली नेपालीहरूमा आन्दोलनको प्रभाव जस्ता मूलभूत बुँदालाई यस चरणमा राखिएको छ ।

पाँचौं परिच्छेदमा असमेली नेपाली कविताको विकास क्रम (इतिहास) को रूपरेखा तयार पारिएको छ । यसमा असमेली नेपाली कविताको प्रारम्भिक बिन्दुलाई पहिचान गराउनका निम्ति काल विभाजनका विभिन्न आधारहरू प्रस्तुत गरिएको छ । यसपछि असमेली नेपाली कविताको काल विभाजन गर्ने क्रममा गोविन्दसिंह रावत, भीमकान्त उपाध्याय, गोपालबहादुर नेपाली, दुर्गाप्रसाद उपाध्याय, शान्ति थापा, घनश्याम तिम्सिना गरी जम्मा ६ जनाको काल विभाजन देखाइएको छ । यसका साथै असमेली नेपाली कविताको विकास प्रक्रियालाई सविस्तार साथ प्रस्तुत गर्दै समग्र असमेली नेपाली कविताको काल विभाजन गरिएको छ ।

काल विभाजन अन्तर्गत स्वाधीनपूर्व र स्वाधीन उत्तर गरी दुई चरण र तिनका विभिन्न चरण विभाजन गरिएको छ । यहाँ स्वाधीनता पूर्वकाललाई पहिलो चरण र दोस्रो चरण गरी छुट्याइएको छ । पूर्वार्द्धको प्रथम चरणको समय सुरुदेखि १८९२ सम्मको

काललाई अलिखित मौखिक परम्परा र दोस्रो चरणको समय १८९३-१९४७ सम्म समयलाई लिखित साहित्यको निर्माण काल भनी छुट्याइएको छ ।

असमेली नेपाली साहित्यको प्रथम चरण अलिखित मौखिक परम्पराको मौखिक कवितात्मक प्रवृत्तिलाई यस प्रकार बुँदाबद्ध गरिएको छ :

(१) मौखिक परम्पराको विकास

(२) श्रुति परम्परामा आधारित लोक गाथाको प्रचलन

(३) धार्मिक आख्यानहरूको महत्त्व

(४) कवित र सिलोकको प्रचलन

यी माथिका प्रवृत्तिहरूले आगामी निर्माण कालको पृष्ठभूमि तैयार पारेको देखिन्छ ।

तुलाचन आलेबाट स्वाधीनता पूर्वकालको दोस्रो चरण लिखित साहित्यको निर्माण कालको भेटि निर्माण भएको देखाइएको छ । पाँच दशकको समय ओगटेको यो काललाई सवाई धारा अन्तर्गत राखिएको छ । यस धाराले अलिखित साहित्य परम्पराको अन्त्य गर्दै लिखित साहित्यको भेटि वा जग निर्माण गरेको उल्लेख गरिएको छ । यस कालमा जम्मा ६ जना सवाइकार, एकजना माहाकाव्यकार, एकजना खण्डकाव्य र गीतकारको अवदान महत्त्वपूर्ण रहेको बताइएको छ । असमेली नेपाली साहित्यको यस निर्माण कालको मूलभूत विशेषता हेर्दा सवाई शैलीको बढी प्रयोग भएको देखिन्छ ।

स्वाधीनता उत्तर कालको प्रथम चरण जातीय जागरण काल भनी छुट्याइएको चारदशकको समय ओगटेको यो काल जातीय जागरणको प्रारम्भिक काल हो । यस कालमा हरिभक्त कटुवाल र पुष्पलाल उपाध्यायलाई केन्द्रीय कविका रूपमा देखाइएको छ । भाषा आन्दोलन र विदेशी वहिस्कार आन्दोलन काल अन्तर्गत दुई भिन्न समयबाट सुरु भएका भिन्न चिन्तन भएका तर एउटै जातीय अस्तित्व संरक्षण गर्ने दुई आन्दोलनलाई एकै ठाउँमा राखी चर्चा गरिएको छ । यस आन्दोलनमा नेपालीहरू आफ्नो जातीय अस्तित्व संरक्षण गर्ने तर्फ लागि परेको र भाषा साहित्य, संस्कृति बिना आफ्नो अस्तित्व शून्य हुने रहेछ भन्ने सचेतता उन्मुख रहेको देखाइएको छ । यसमा जातीय अस्तित्वको जगेडातर्फ लागेको देखिन्छ ।

जातीय जागरणको उत्थान कालमा अरू तिनओटा कालखण्ड भन्दा बढी भाषा साहित्य संस्कृतिको उन्मुखता र बढी काव्यिक चर्चा भएको देखाइएको छ । अन्त्यमा पाँचौं परिच्छेदको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

छैठौं परिच्छेदको शीर्षक “स्वाधीनता पूर्वकालका प्रतिनिधि कवि र तिनका कविता कृति” रहेको छ । प्रस्तुत शीर्षक अन्तर्गत असमेली नेपाली प्रतिनिधि कवि चयनका प्रमुख

आधारहरू प्रस्तुत गर्दै असमेली प्रतिनिधि कविको परिचय, काव्य यात्रा  र प्रवृत्तिहरूको चर्चा गरिएको छ । प्रतिनिधि कविका कविता विश्लेषण गर्ने क्रममा खण्डकाव्य, महाकाव्यको तत्त्वगत विश्लेषण र फुटकर प्रतिनिधि कविताको समेत विश्लेषण गरिएको छ । अन्त्यमा छैठौँ परिच्छेदको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

स्वाधीनता उत्तर कालका तिनवटा चरण मध्ये पहिलो चरण जातीय जागरण काल हो । सातौँ परिच्छेदमा जातीय जागरण कालका विशेषता प्रस्तुत गर्दै त्यस कालका प्रतिनिधि कवि र तिनका प्रतिनिधि खण्डकाव्य र फुटकर कविताको विश्लेषण गरिएको छ । यसै क्रममा यस कालमा आउने अन्य कविहरूको पनि छोटकरीमा परिचय दिइएको छ । यस कालका कविहरूले नेपाली जातिको जातीय अस्तित्वमूलक काव्य सिर्जना गरेका छन् । त्यसैले यस उपचरणलाई जातीय जागरणको उत्थान काल भनिएको छ । अन्त्यमा सातौँ परिच्छेदको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

आठौँ परिच्छेदको शीर्षक “स्वाधीनता उत्तर कालको दोस्रो उपचरण भाषा आन्दोलन र विदेशी वहिस्कार आन्दोलन कालका प्रतिनिधि कवि र तिनका कृति” रहेको छ । यस कालमा आउने प्रतिनिधि खण्डकाव्यकार र तिनका खण्डकाव्य र प्रतिनिधि फुटकर कविका काव्य यात्रा र प्रवृत्ति निर्धारण गर्दै तिनका प्रतिनिधि खण्डकाव्य र फुटकर कविताको विश्लेषण गरिएको छ । यसै क्रममा काव्यिक प्रवृत्तिको पनि सरसर्ती अध्ययन गर्दै कविको परिचय समेत दिइएको छ । अन्त्यमा आठौँ परिच्छेदको समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

नवौँ परिच्छेदको शीर्षक “जातीय जागरणको उत्थान काल” रहेको छ । यस चरणमा आउने दुई महाकाव्य र अन्य फुटकर कविताको विश्लेषण सहित निष्कर्ष प्रस्तुत गरिएको छ । यसै क्रममा अन्य कविको परिचय र तिनका काव्यगत प्रवृत्ति प्रस्तुत गरिएको छ । यस चरणमा मूलतः आधुनिक परिवेशमा नेपाली जातिको स्थान, स्वतन्त्रता, उत्तर आधुनिक बहुलवादी चेतना जस्ता प्रवृत्तिलाई अङ्गीकार गरिएको छ । यस कालमा व्यापकता, अनुभूतिगत वैविध्य आदि विशेषता प्रदान गरेको निष्कर्ष निकालिएको छ ।

## १०.३ निष्कर्ष

असमेली नेपाली कविता लेख्य रूपमा देखिनुपूर्व मौखिक परम्परामा विकसित हुँदै आएको देखिन्छ । १८९३ देखि असमेली नेपाली कविताको लेख्य रूपको प्रारम्भ भएदेखि वर्तमान अवस्थासम्म निरन्तर रूपमा असमेली कविता गतिशील देखिन्छ । असमेली कविताको विकास क्रमलाई हेर्दा भारत स्वतन्त्रतालाई मुख्य आधार विन्दु मानेर स्वाधीनता पूर्व र स्वाधीनता उत्तर काल गरी दुई चरणमा विभाजन गरिएको छ । स्वाधीनता पूर्वकाललाई अलिखित मौखिक परम्परा र लिखित साहित्यको निर्माण काल गरी दुई

उपचरणमा विभाजन गरिएको छ । यसरी नै स्वाधीनता उत्तर काल जातीय जागरण काल, भाषा आन्दोलन काल तथा विदेशी बहिष्कार आन्दोलन काल र जातीय जागरणको उत्थान काल गरी तिन उपचरणमा विभक्त छ ।

नेपालीहरू सेना, मजदुरी, कृषि, गौपालन आदि विभिन्न पेसामा आबद्ध भएर उत्तरपूर्वी भारतका विभिन्न ठाउँहरूमा पुग्ने क्रममा आफ्नो लोकगीत, सिलोक, लोककथा, लोकगाथा आदि मौखिक साहित्यलाई सँगसँगै सम्बर्द्धन गर्दै लगेको देखिन्छ । यही लोक परम्परामा विकसित नेपाली कविताको परम्परा असमेली नेपाली कविताको पृष्ठभूमि रहेको देखिन्छ । यस प्रकारको लोक परम्परामा विकसित कविताले लेख्य कविता निर्माणको पृष्ठभूमि निर्माण गरेको देखिन्छ । भारत स्वाधीन हुनुपूर्व नै असमेली कविताको लेख्य रूप निर्माण भएको र यस कालमा असमेली नेपाली कविताले प्रारम्भिक स्वरूप प्राप्त गरेको देखिन्छ । असमेली कविताको निर्माण कालमा मूलतः सवाई काव्यको बहुलता देखिएको छ र यस समयमा कविता वस्तु, शिल्प, छन्द, उद्देश्य आदिका दृष्टिले प्रारम्भिक र सिकारु देखिएका छन् । स्वाधीनतापूर्व कालमा देखिएको दोस्रो उपचरण निर्माण कालका कवितागत वैशिष्ट्यहरूमा युद्ध वर्णन, प्राकृतिक विपत्ति र विनाश, नीति उपदेश, शैक्षिक जागरण, ईश्वरीय चिन्तन, आन्तरिक चेतना, भक्तिभाव, कुसंस्कार र रुढिको विरोध, अध्यात्मवादी चिन्तन, लोकलय, शास्त्रीय छन्दको प्रयोग, वर्णन र प्रश्नोत्तर शैलीको उपयोग जस्ता कुरा रहेका छन् । यस उपचरणका प्रमुख कविताहरूमा तुलाचन आले, धनवीर भँडारी, महानन्द सापकोटा, पद्मप्रसाद ढुङ्गाना र जगन्नाथ गुरागाइँ हुन् र यस कालमा जम्मा १२ जना कविहरू रहेका छन् । यस समयमा नेपाली कविताले असमका विभिन्न भूभागमा विस्तार हुने मौका पाएको छ र असमेली नेपाली कविताको निर्माण भएको छ ।

भारतको स्वतन्त्रतापछि असमेली नेपाली समुदायमा कविता, काव्य सिर्जनाको स्वतन्त्र पृष्ठभूमि निर्माण भएको छ । स्वाधीनोत्तर कालमा असममा जातीय जागरणको अभियान नै प्रारम्भ भएको छ जसलाई असमेली नेपाली कविहरूले आफ्नो कविताको विषय बनाएका छन् । नेपाली जातिको अस्तित्व र जातीय पहिचानका निम्ति जागरण गराउने किसिमका जातीय जागरणमूलक कविता काव्य प्रणयन गरेर नवीन किसिमका काव्य लेखिएका छन् । यस चरणमा देखिएका विशेषताहरूमा जातीय बोध र जागरण, परम्पराप्रति विद्रोह, अन्याय र शोषणको विरोध, प्रगतिवादी स्वर, स्वच्छन्दतावादी धारा, विभेदकारी नीतिको विरोध, स्वकीय भाषा र संस्कृतिप्रतिको विशेष मोह, जीवनीमूलक काव्य लेखन, शान्ति र सद्भावको चाहना, भाषिक परिष्कार र परिमार्जन आदि रहेका छन् । यस कालमा प्रगीतात्मक कविता र खण्डकाव्यसम्मका काव्यकृतिहरू लेखिएका छन् । यस चरणमा देखिएका प्रमुख कविहरूमा के.बी. नेपाली, तुलबहादुर मालेमा, हरिभक्त

कटुवाल, पुष्पलाल उपाध्याय, हरिनारायण उपाध्याय विद्याभूषण रहेका छन् । स्वाधीनोत्तर कालको प्रथम चरणमा मूलतः जातीय जागरणमूलक स्वर रहेको हुँदा यसलाई जातीय जागरण काल भनिएको हो ।

असमेली नेपाली कविताको स्वाधीनोत्तर कालको दोस्रो चरणका रूपमा रहेको भाषा आन्दोलन र विदेशी बहिष्कार आन्दोलन कालमा असमेली नेपाली कवितामा वस्तु, भाव, शिल्प आदि पक्षमा विकास भएको छ । असममा रहेका नेपालीहरूको अस्तित्व सङ्कटमा रहेको हुँदा जाति, भाषा र संस्कृतिका निम्ति सङ्घर्ष गर्ने उत्साह र उमङ्ग जागृत भएको देखिन्छ । पुस्तौं पुस्ता असम भूमिमा रहेका नेपालीहरूले 'विदेशी' भनेर हेपिनु र भाग्नु पर्ने वातावरण सिर्जना भएको हुँदा यसका निम्ति लड्नु पर्ने भावका काव्यकृतिहरू यस चरणमा लेखिएका छन् । यस समयका विशेषताहरूमा जातीय तथा राष्ट्रिय चेतनाको विकास, जाति र भाषाको अस्तित्व सङ्कटप्रति विद्रोह, गाँस, बास र कपासको आन्दोलन, असुरक्षाको अनुभूति र सुरक्षाको चाहना, शान्ति र राजनीतिक स्थिरताको आग्रह आदि रहेका छन् । यस कालमा प्रगीतात्मक कविता र खण्डकाव्यहरू लेखिएका छन् । यस समयका प्रमुख कविहरूमा युद्धवीर राणा, अविनाश श्रेष्ठ, खड्गबहादुर कौशिक, छविलाल उपाध्याय, दुर्गाप्रसाद घिमिरे, नव सापकोटा, भविलाल लामिछाने र मोहन सुवेदी छन् । यी कविहरूले मूलतः नेपाली भाषाप्रति भारतीय सरकारले गरेको उपेक्षा र असममा नेपालीहरूलाई विदेशी सरह व्यवहार गर्ने नीतिप्रति कडा प्रतिवाद गरेर काव्यकृति सिर्जना गरेका छन् ।

असमेली नेपाली कविता स्वाधीनोत्तर कालमा विशेष जातीय उत्थानको नयाँ जागरण आएको छ । यस समयमा भारतमा भएका जातीय, क्षेत्रीय आदि आन्दोलने असमेली नेपाली कविहरूलाई प्रभाव पारेको छ । असम भूमिमा भएका अनेक आन्दोलनले पनि असमेली कविहरू विशेष प्रभावित भएका छन् । यस समयमा देखिएका मूलभूत विशेषताहरूमा जातीय परिचय, उत्थान र स्थिरताको खोजी, स्वतन्त्रता र स्वाभिमानप्रति झुकाव, राजनीतिक स्थिरताको आकाङ्क्षा, वर्तमान युगका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य र विद्रोह, पर्यावरणप्रति सचेतता, नारी अस्मिताको खोजी, मानवतावाद, विश्वबन्धुत्व, भ्रष्टाचारको विरोध, उत्तर आधुनिक बहुकेन्द्रकता आदि रहेका छन् । यस कालका प्रमुख कविहरू किरणकुमार राई, खेमराज नेपाल, गोविन्द शाण्डिल्य, पुष्पधर शर्मा, मैना थापा, चन्द्रकला नेवार, जयन्तकृष्ण शर्मा, निरु शर्मा पराजुली, लक्ष्मीप्रसाद पराजुली, विद्यापति दाहाल, श्याम लिवाङ, शान्ति थापा, होमबहादुर क्षेत्री रहेका छन् । यी विभिन्न कविहरूले बदलिँदो असमेली समाज र नेपालीहरूको अवस्थालाई आफ्ना काव्य कृति मार्फत व्यक्त गरेका छन् । विश्वस्तरमा देखिएको उत्तर आधुनिकतालाई संवरणगर्दै यस चरणका कविहरूले असमेली नेपाली कवितालाई नयाँ वस्तु र शिल्पले सिंगार्ने काम गरेका हुन् ।

समग्र नेपाली कविताको विकासमा असमेली नेपाली कविताको इतिहास करिव सवा सय वर्षको रहेको छ । नेपाली कविताको अढाइ सय वर्षको इतिहासमा असमेली नेपाली कविताको इतिहास छोटो रहेको छ । वस्तु र शिल्पका दृष्टिले असमेली नेपाली कवितामा नवीनता नदेखिए पनि अनुभूतिगत विविधता र परिवेशगत व्यापकताका दृष्टिले असमेली कविताको विशिष्ट पहिचान रहेको छ । मेची, महाकालीमा सीमित नेपालको भौगोलिक सीमाभन्दा पर पुगेर पूर्वाञ्चल भारतका विस्तृत फाँटलाई असमेली नेपाली काव्य वा कविताले समेटेको छ । भारतीय भूमिका पहाड, हिमाल, मैदान, नदी, झरना, वन, पाखा आदिका परिवेशमा निर्मित नेपाली अनुभूति असमेली नेपाली कविताको महत्त्वपूर्ण पक्ष हो । विशेष गरेर दोस्रो विश्वयुद्ध, राष्ट्रिय युद्ध र स्थानीय स्तरका युद्धबाट सन्त्रस्त मानसिकता, भोगाइ, उत्पीडन आदि पक्ष असमेली नेपाली कविताका वैशिष्ट्य हुन्छ । यस प्रकारको परिवेशगत व्यापकता र अनुभूतिगत वैविध्यले समग्र नेपाली कवितामा असमेली नेपाली कविताले योगदान पुऱ्याएको छ । पराइ भूमिमा जातीय अस्तित्व जगेर्ना गर्दाका पीडा र सङ्घर्षको जीवन्त प्रस्तुति असमेली नेपाली कविताको निजी विशेषता हो । नेपाली भाषामा कवितात्मक अनुभूति व्यक्त गरेर असमेली नेपाली कविहरूले नेपाली कविताको क्षेत्र फराकिलो बनाएका छन् ।

नेपाली कविताको विकासमा असमेली नेपाली कविहरूले विशिष्ट योगदान दिएका छन् भन्ने कुरा अघिल्ला परिच्छेदहरूमा आएका कवि, तिनका काव्य कृति र तिनका प्रवृत्ति समेतबाट स्पष्ट हुन्छ । करिव एकसय पचास भन्दा बढी कविहरूका दुईसय पचास भन्दा बढी काव्य कविता कृतिहरू प्रकाशित हुनु र तिनले भारतीय नेपाली कवितालाई मात्र नभई समग्र नेपाली कवितालाई समेत समृद्ध तुल्याउनु विशिष्ट योगदान हो र यो एउटा महत्त्वपूर्ण प्राप्ति पनि हो । यस शोधबाट यिनै उपलब्धहरू प्राप्त भएका छन् भने यसबाट पछिल्ला अध्ययन कर्ताहरूका लागि विशिष्ट अध्ययनका निमित्त मार्ग प्रशस्त पनि भएको छ । पछिल्ला अनुसन्धाताहरूले प्रवृत्तिगत र चरणगत अध्ययन अनुसन्धान गर्न सक्ने आधार पनि यसबाट प्राप्त भएको छ । यो पनि यस अनुसन्धानको प्राप्ति तथा योगदान हो । समग्रमा यस अनुसन्धानका उपलब्धि र योगदानलाई निम्नलिखित बुँदाहरूमा यस प्रकार देखाइन्छ :

(१) असममा नेपालीहरूको स्थिति, अवस्था, साहित्यिक पृष्ठभूमि र साहित्येतिहास निर्माणको तथ्यगत पक्षहरू कविताको इतिहास तथा प्रवृत्तिगत स्वरूपका बारेमा यसमा विस्तृत विवेचना गरिएको छ र यो यस अध्ययनको उपलब्धि हो ।

(२) असमेली नेपाली कविताको लामो परम्परा भए पनि व्यवस्थित इतिहास नलेखिएको र प्रवृत्तिगत अध्ययन पनि नभएका सन्दर्भमा यस अध्ययनबाट

असमेली नेपाली कविताको विकास प्रक्रियाको व्यवस्थित इतिहास तयार भएकाले यो एउटा प्राप्तिपूर्ण उपलब्धिका रूपमा देखिएको छ ।

(३) असमेली नेपाली कवितामा पुस्तक प्रकाशित गरेका एकसय पचासभन्दा बढी कविहरू देखिएका र तिनका दुईसय पचास भन्दा बढी काव्य/कविता कृतिहरू प्रकाशित हुनु महत्त्वपूर्ण योगदान हो ।

(४) असममा नेपाली भाषा साहित्यको विकास प्रक्रिया विद्यालयदेखि विश्वविद्यालय तहसम्मको नेपाली पाठ्यक्रमको व्यवस्था र यसबाट असमेली नेपाली कविताका क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष योगदान पुगेको देखिन्छ ।

(५) लोक परम्परा हुँदै विकसित भएको असमेली नेपाली कवितामा पनि परिस्कारवादी प्रगतिवादी, प्रयोगवादी र अंशत पछिल्ला कवितामा बहुलवादी प्रवृत्ति समेत देखिन्छ र यस किसिमको प्रवृत्तिगत वैविध्यबाट असमेली नेपाली कविता पनि समग्र नेपाली कविताको मूल प्रवाहमा समाहित भएको पाइन्छ ।

(६) असममा नेपालीहरूको अस्तित्व सङ्कटमा रहेको अवस्थामा त्यहाँका नेपाली कविहरूले जातीय जागरण र स्वअस्तित्व चिन्तनका कविता लेखेर महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

(७) असमेली नेपाली कविताको विकासमा नेपाली भाषाआन्दोलनले पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । भाषाआन्दोलनको परिणति स्वरूप भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषालाई पनि मान्यता प्रदान गरिए पछि असमेली नेपाली कवितामा प्रवृत्तिगत परिवर्तन आएको छ र परिमाणात्मक तथा गुणात्मक दृष्टिले पनि सशक्त कविताहरू सृजना भएको पाइन्छ ।

(८) असमका नेपाली जातिहरूले आफ्नो जातीयता, भाषा र नेपालीपनलाई जीवन्त राखेको कुरा असमेली नेपाली कविहरूले आफ्ना कवितामा प्रस्तुत गरेका छन् र यसबाट नेपालीपनलाई थप जीवन्तता दिन खोजेका छन् ।

(९) असमेली नेपाली कविहरू मध्ये तुलाचन आले, महानन्द सापकोटा, के.बी. नेपाली, हरिभक्त कटुवाल, युद्धवीर राणा, भविलाल लामिछाने, नवसापकोटा, मैना थापा आशा आदिले सिङ्गो नेपाली कविताको इतिहासमा नै विशेष प्रतिनिधित्व गर्न र यी कविहरू समग्र नेपाली कविताको मूल प्रवाहमा नै देखिएकाले यसबाट पनि असमेली नेपाली कवितामा उल्लेखनीय योगदान पुगेको देखिन्छ ।

(१०) असमेली नेपाली कविताको अध्ययनले सिङ्गो भारतीय नेपाली कविताको इतिहासलाई पूर्णता प्रदान गर्नका साथै समग्र नेपाली कविताको इतिहास निर्माणका लागि पनि यसबाट महत्त्वपूर्ण योगदान हुने देखिन्छ ।

(११) यो अध्ययन क्षेत्रीय प्रकृतिको भएकाले तत्स्थानिक कविहरूले भारतीय नेपाली कविताको इतिहासमा र समग्र नेपाली कविताको इतिहासमा कस्तो उपस्थिति देखाएका छन् र के कस्तो योगदान पुऱ्याएका छन् भन्ने कुरा पनि यस अध्ययनबाट प्राप्त हुन्छ ।

(१२) असमेली नेपाली कवितामा नेपाली भाषाआन्दोलन जातीय जागरण, त्यहाँका नेपालीहरूको स्वअस्तित्वबोध र आत्मपहिचानका कुराहरूलाई पनि असमेली नेपाली कविहरूले आफ्ना कवितामा देखाएका छन् ।

(१३) भारतीय विश्वविद्यालयहरूमा नेपाली विषय पनि पठनपाठन हुने र विद्यावारिधिसम्मको अध्ययन अनुसन्धान पनि हुने भएकाले यस अनुसन्धानबाट शैक्षणिक प्रयोजनका निमित्त समेत महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

(१४) यो अध्ययन क्षेत्रीय प्रवृत्तिको भएको हुँदा भारतीय अन्य क्षेत्रका कविता र समग्र नेपाली कवितासँग असमेली नेपाली कविताको तुलना प्रतितुलनाका लागि महत्त्वपूर्ण आधार हुने देखिन्छ र यसबाट तुलनात्मक विमर्शका निमित्त मार्ग प्रशस्त हुने र योगदान समेत पुग्ने देखिन्छ ।

(१५) असमेली नेपाली कविताको करिव सवासय वर्षको इतिहासलाई व्यवस्थित रूपमा एकै ठाउँमा समावेश गरेर वैज्ञानिक किसिमले अध्ययन गरिएकाले यसबाट असमेली नेपाली कविता, भारतीय नेपाली कविता र समग्र नेपाली कविताको इतिहास निर्माणमा नै उल्लेखनीय योगदान पुग्ने देखिन्छ ।

असमेली नेपाली कविताको करिव एक सय बीस वर्षको इतिहासमा नेपाली कविताको राम्रो विकास भएको छ । स्वाधीनता पूर्वकालदेखि स्वाधीनता उत्तरकालका तेस्रो चरणसम्मका कवितालाई हेरेर कविताको लघुतम रूप मुक्तकदेखि महाकाव्यसम्म सृजना भएको पाइन्छ भने गीति कविता र सवाई साहित्यको पनि विकास भएको पाइन्छ तर फुटकर कविता कृतिहरू सङ्ख्या निकै धेरै छ भने एक सय पचासभन्दा बढी कविहरूले असमेली नेपाली कवितामा योगदान पुऱ्याएका छन् । असमेली कविताका समग्र विशेषतालाई हेर्दा मूलभूत रूपमा निम्नलिखित प्रवृत्तिगत विशेषताहरू देखिन्छन् ।

(१) परिस्कारवादी प्रवृत्ति र नैतिक, धार्मिक तथा औपदेशिक प्रवृत्तिको निरन्तरता ।

(२) प्रणयपरक र प्रकृतिपरक स्वच्छन्दतावादी कविताको सृजना र त्यस्ता कवितामा वैयक्तिक प्रकटीकरणको प्रबलता ।

(३) कतिपय कविका कवितामा प्रगतिवादी वैचारिक चिन्तनको प्रस्तुति र अन्याय अत्याचार तथा शोषणको विरोध ।

(४) विशेषतः खण्डकाव्य महाकाव्यमा पौराणिक विषयवस्तु ग्रहण, अंशतः सामाजिक विषयवस्तुको ग्रहण ।

(५) स्वाधीनता उत्तरकालका कवितामा जातीय जागरणको अभिव्यक्ति र पितृभूमि तथा मातृभूमिको स्मृति बिम्ब बनाएर कविता लेख्ने प्रवृत्ति ।

(६) स्वाधीनता उत्तरकालका कतिपय कवितामा नवीनता प्रयोगशीलता र पाश्चात्य प्रयोगवादी प्रवृत्तिको समेत प्रभाव ।

(७) स्वअस्तित्व, आत्म पहिचान आदिको अभिव्यक्तिका साथै अस्तित्व विहीन जीवन बाँच्नु परेको पीडाको अभिव्यक्ति ।

(८) विदेशी वहिष्कार आन्दोलन र भाषा आन्दोलन र अन्य जातीय आन्दोलनहरूको समेत कवितामा प्रभाव ।

(९) शिल्पसौन्दर्य तथा भाषाशैलीका दृष्टिले कतिपय कवितामा दुर्वलता देखिए पनि कतिपय कवितामा भने भाव सौन्दर्य र शिल्पसौन्दर्यको सन्तुलन ।

(१०) अधिकांश कवितामा वर्णनात्मकता देखिए पनि केही कवितामा भाव अनुकूलका बिम्ब प्रतीक र अलङ्कारको प्रयोग आदि ।

**सम्भावित शोध शीर्षक**

(१) असमेली नेपाली महाकाव्यहरूको अध्ययन

(२) असमेली नेपाली खण्डकाव्यको अध्ययन

(३) पर्यावरणीय दृष्टिले असमेली काव्य कृतिको अध्ययन

(४) असमेली नेपाली कवितामा नारीवादी चिन्तन